# सुर्मा गाउँपालिकाद्वारा आ.व. २०८१/०८२ मा सञ्चालित कार्यक्रमहरू तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता विषयक

# सार्वजनिक सुनुवाई प्रतिवेदन



**आयोजक**

सुर्मा गाउँपालिका

गाउँपालिकाको कार्यपालिकाको कार्यालय,

दौलिचौर, बझाङ

**प्रतिवेदक**

भूमिराज पिठातोली

अध्यक्ष/थर्ड पोल मिडिया एण्ड एड्भरटाइजिङ्ग प्रा.लि.

साउन २०८२

**विषयसूचि :**


१. कार्यक्रमको परिचय :............................................................३

२. सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य ......................................३

३. सार्वजनिक सुनुवाई कार्यक्रमको संक्षिप्त जानकारी..........................४

४. सार्वजनिक सुनुवाई कार्यक्रमका मुख्य वक्ताहरू.............................४

५. सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चालन प्रक्रिया .........................५

६. कार्यान्वयन चरण...................................................................६

७. कार्यक्रममा भएका सवाल जवाफहरू..........................................७

८. सार्वजनिक प्रतिवद्धताहरू.......................................................१०

९. सुधार गर्नुपर्ने पक्षहरू............................................................१०

१०. कार्यक्रमको सबल पक्षहरू.....................................................११

११. समस्याहरू..........................................................................११

१२. निष्कर्ष ..............................................................................११

१३. उपस्थिति ...........................................................................१२

१४. तस्बिरहरू...........................................................................१५

# सुर्मा गाउँपालिकाद्वारा आ.व २०८१/०८२ को सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई संक्षिप्त प्रतिवेदन-२०८२

## १. कार्यक्रमको परिचय

सार्वजनिक सुनुवाई कार्यक्रम सार्वजनिक निकायले दिने सेवाबारे नागरिक सुसूचित गराउन तथा नागरिकबाट सेवा प्रदायकको गतिबिधिबारे औल्याउन र सेवा प्रवाहमा थप सुधार ल्याउनका लागि सञ्चालन गरिन्छ । स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाईसम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ ।

नागरिकलाई सार्वजनिक निकायले गरेका कामको सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हकसम्बन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (सञ्चालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले सञ्चालन गरेका हरेक गतिविधिहरूको बारेमा नागरिकहरूलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाई गर्नुपर्ने भनेको छ ।

सेवा प्रदायक संस्थाले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरू सार्वजनिक गर्दै सुधारात्मक पक्षहरूको विषयमा छलफल गर्ने, सेवाग्राहीप्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीको गुनासो तथा जिज्ञासाहरूको बारेमा प्रत्यक्ष/आमनेसामने प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाई सञ्चालन गरिएको हो । यसै उद्देश्यले बझाङको सुर्मा गाउँपालिका वडा नं १ दौलिचौरमा २०८२ साउन २ गतेका शुक्रबारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम गरेको हो ।

## २. कार्यक्रमको उद्देश्य

- बझाङको सुर्मा गाउँपालिका तथा वडा कार्यालयहरूको काम कारबाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेटजस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तर्क्रिया गराउने ।
- सेवाग्राहीप्रति सेवा प्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीको गुनासो वा जिज्ञासाहरूको बारेमा आमनेसामने प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भएबमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- जनप्रतिनिधि, विषयगत शाखा प्रमुखहरू तथा पालिकाभर लागू भएका संघ संस्थालाई नागरिकप्रति जवाफदेही बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरूमा नागरिकहरूको सहभागिता बृद्धि गर्ने ।
- स्थानीय तहले निर्माण गर्ने हरेक नीतिमा जनताको प्रत्यक्ष सहभागिता अनिवार्य गराउने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी

सार्वजनिक सुनवाईको प्रतिवेदन तयार गर्ने : **भूमिराज पिठातोली**
अध्यक्ष/थर्ड पोल मिडिया एण्ड एडभरटाइजिङ्ग प्रा.लि. बझाङ

सार्वजनिक सुनुवाईको विषय : **बझाङको सुर्मा गाउँपालिकाद्वारा आ.व. २०८१/०८२ मा एक वर्षको अवधिमा सञ्चालित कार्यक्रमहरू तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता**

कार्यक्रम आयोजक : **सुर्मा गाउँपालिका, बझाङ**

## कार्यक्रम विवरण

मिति : ०२ साउन २०८२ शुक्रबार

स्थान : सुर्मा गाउँपालिका-१ दौलिचौर (गाउँपालिकाको भवनको हल)

समय : दिनको ११ बजेदेखि ३ बजेसम्म (४ घण्टा)

## ४. जवाफदेही वक्ताहरू

- सुर्मा गाउँपालिकाका प्रमुख श्री **खडकबहादुर बोहरा**
- सुर्मा गाउँपालिकाका उपप्रमुख श्री **रमलाकुमारी मण्डेल पुजारा**
- सुर्मा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री **लक्ष्मीराज जोशी**
- सुर्मा गाउँपालिकाका वडा नं १ का अध्यक्ष श्री **दिनेश बहादुर बोहरा**
- सुर्मा गाउँपालिकाका वडा नं २ का अध्यक्ष श्री **सुरेन्द्र बोहरा**
- सुर्मा गाउँपालिकाका वडा नं ३ का अध्यक्ष श्री **कैलाश बहादुर बोहरा**
- सुर्मा गाउँपालिकाका वडा नं ४ का अध्यक्ष श्री **धिरेन्द्र पुजारा**
- सुर्मा गाउँपालिकाका वडा नं ५ का अध्यक्ष श्री **बीरबहादुर जेठारा**

## शाखा प्रमुखहरू

- आर्थिक प्रशासन शाखा प्रमुख श्री **नारायण प्रसाद पाध्या**
- शिक्षा शाखा प्रमुख श्री **कविन्द्र बोहरा**
- स्वास्थ्य शाखा प्रमुख श्री **शिवराज बोहरा**
- महिला तथा बालबालिका शाखा प्रमुख श्री **निर्मा चौधरी**
- सूचना तथा प्रविधि शाखा प्रमुख श्री **सिकन्द्र पुजारा**
- प्राविधिक शाखा प्रमुख श्री **मनोज पुजारा**
- जिन्सी तथा कृषि शाखा प्रमुख श्री **छत्रप्रसाद कोइराला**

- पशु शाखा प्रमुख श्री **धिरेन्द्र थापा**
- राजस्व शाखा प्रमुख श्री **राजेन्द्र प्रसाद अवस्थी**
- विपद् व्यवस्थापन शाखा प्रमुख श्री **देवेन्द्र थापा**
- न्यायिक समिति शाखा प्रमुख श्री **बिरबल बहादुर बोहरा**

## अतिथि तथा सञ्चारकर्मीहरू

- श्रमजीवी-पत्रकार संघ, बझाङका अध्यक्ष श्री **भूमिराज पिठातोली**
- रेडियो नेपालका समाचारदाता श्री **जगदीश रोकाया**
- सत्यवादीखबर अनलाइनका सञ्चालक श्री **रूपक खड्का**
- साइपाल एफ एमका समाचारदाता श्री **गणेश धामी**
- सेती मिडिया नेटवर्कका अध्यक्ष श्री **सुरेन्द्र खत्री**
- बझाङ एफ एमका समाचार प्रमुख श्री **हिमाल धामी**
- नेपाली कांग्रेस प्रतिनिधि श्री **कमल बोहरा**
- नेकपा एमालेका प्रतिनिधि श्री **प्यारी लोकण्डी**
- कार्यपालिका सदस्य श्री **निर्मला बोहरा पुजारा**
- कार्यपालिका सदस्य श्री **सञ्जली बोहरा पुजारा**
- कार्यपालिका सदस्य श्री **कुञ्जडी बोहरा**
- कार्यपालिका सदस्य श्री **प्रताप विक**
- कार्यपालिका सदस्य श्री **शंकर विक**
- कार्यपालिका सदस्य श्री **जुनादेवी बोहरा**
- दौलिचौर प्रहरी चौकी ईन्चार्ज श्री **केशव सिंह धामी**

## ५. सञ्चालन प्रक्रिया

### प्रारम्भिक चरण

### (क) समन्वयात्मक बैठक

सुर्मा गाउँपालिकाद्वारा गएको आर्थिक वर्ष २०८१/०८२ मा वर्षभरिमा सञ्चालित कार्यक्रमहरू तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिताको लागि गाउँपालिकाको निर्णयअनुसार सुर्मा गाउँपालिकाका प्रमुख खडकबहादुर बोहरा, उपप्रमुख रमला कुमारी मण्डेल पुजारा, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीराज जोशीसहित थर्ड पोल मिडिया एण्ड एड्भरटाइजिङ्ग प्रा.लि.का प्रतिनिधिबीच भेटघाट र समन्वयात्मक छलफलपश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमति भएको थियो ।

२०८२ जेठ १३ गतेका दिन साउन पहिलो साता नै सार्वजनिक सुनुवाई सञ्चालन गर्ने मिति तय गरिएको थियो । सार्वजनिक सुनवाई सञ्चालनको लागि आवश्यक तयारी गरिएको थियो ।

### (ख) सहजकर्ताको छनौट तथा समन्वय

सुर्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले आयोजना गरेको पालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको कार्यालयले व्यवस्थापन तथा समन्वयका कार्यहरू गरेका थियो । सुर्मा

गाउँपालिकाले सहजीकरणको सम्पूर्ण जिम्मेवारी थर्ड पोल मिडिया एण्ड एड्भरटाइजिङ्ग प्रा.लि.का अध्यक्ष भूमिराज पिठातोलीलाई दिइएको थियो । पालिकाले जिल्लाका विभिन्न निकायलाई नियमित सम्पर्क गरी त्यसको समाचार सम्प्रेषण गर्न पनि विभिन्न सञ्चारमाध्यामसँग समन्वय गरेको थियो ।

### (ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन

सेवा प्रदायक संस्था तथा स्थानीय तहले जनतालाई प्रवाह गर्ने सेवा सुविधाहरू के के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरू लागू भएका छन् । यिनीहरूको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नुपर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा जनतालाई उपलब्ध गराएको छ ? भनेर तुलना गरी छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ सुशासन नियमावली, २०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाईसम्बन्धि कार्यविधि, २०६७, सूचनाको हकसम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरूको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्वारा गरिएको थियो ।

### (घ) बहिर्गमन अभिमत सञ्चालन

सार्वजनिक सुनुवाई सञ्चालनको क्रममा नागरिकहरूबाट अभिमत लिन बहिर्गमन अभिमत वा नागरिक प्रतिवेदन पत्र अनिवार्य सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक सुनुवाईमा पनि सहजकर्ताले बहिर्गमन अभिमत, नागरिक प्रतिवेदनसमेत बनाएर प्रस्तुत गरेका थिए ।

### (ङ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार

सुर्मा गाउँपालिकाद्वारा गएको आ.व २०८१/०८२ मा सञ्चालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाईमा नागरिकहरूको सहभागिता अभिवृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले जिल्लाको ५ वटै एफएममार्फत् ७ दिन अगावैबाट सार्वजनिक सुनुवाई सञ्चालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रशारण गरिएको थियो । गाउँपालिका कार्यालय परिसर कार्यक्रम हुने स्थलमा सार्वजनिक सुनुवाईको सूचना फलाक्समा प्रिन्ट गरी टाँस गरिएको थियो ।

वडा कार्यालयहरू तथा जिल्लाका सरकारी कार्यालयहरूका प्रमुखहरू, श्रमजीवी-पत्रकार संघ बझाङ, नेपाल पत्रकार महासंघ जिल्ला शाखा बझाङका पत्रकारहरूको सहभागिता सुनिश्चितताको लागि खबर गर्ने कार्य गरिएको थियो । सार्वजनिक सुनुवाईलाई बझाङका ५ वटा रेडियोहरू (साइपाल, खप्तड, जयपृथ्वी, सेती, जनमुखी) बाट प्रत्यक्ष प्रशारण गरिएको थियो ।

## ६. कार्यान्वयन चरण

सुर्मा गाउँपालिकाको कार्यालय बझाङको आयोजनामा सञ्चालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरूको उपस्थितिसँगै सुरू गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरू र अतिथिहरूको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरू, वडा समितिका सदस्यहरू, विषयगत शाखाका प्रमुखहरू, वडा सचिवहरू, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरू, पत्रकारलगायत सञ्चार संस्थाका

प्रतिनिधिहरू, बुद्धिजीवी, समाजसेवी, नागरिक समाज, राजनैतिक दलका प्रतिनिधिलगायत कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो ।

गाउँपालिकाका तर्फबाट प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीराज जोशीले वर्षभरिमा भएका सबै शाखाका प्रगति विवरण सार्वजनिक गर्नुभएको थियो । प्रगति विवरणसँगै आगामी योजनाका बारेमा पनि प्रोजेक्टरमार्फत् सबैले देख्ने गरी सार्वजनिक गर्नुभएको थियो ।

न्यायिक समितिबाट प्रवाह भएको सेवाका सुर्मा गाउँपालिकाका उपाध्यक्ष रमलाकुमारी मण्डेल पुजाराले विवरण पेश गर्नुभएको थियो । साथै आएका उजुरी र फैसला हुन बाँकी रहेका मुद्दाबारे पनि जानकारी दिनुभएको थियो ।

सार्वजनिक सुनुवाईमा सुर्मा गाउँपालिकाका पाँच वटै वडा अध्यक्षहरूले निर्वाचित भएदेखि अहिलेसम्म गरेका उल्लेखनीय कामहरू सुनाउनुभएको थियो । साथै वडा कार्यालयबाट सहज रूपमा सेवा दिएको, सडक, शिक्षा, स्वास्थ्यलगायका क्षेत्रहरूमा प्रभावकारी भएको जानकारी गराउनुभएको थियो ।

थर्ड पोल मिडिया एण्ड एड्भरटाइजिङ्ग प्रा.लि.का अध्यक्ष भूमिराज पिठातोलीद्वारा सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचारसंहिता प्रस्तुत गरिएको थियो । त्यसपछि सार्वजनिक सुनुवाई सञ्चालन भएको थियो । त्यसपछि नागरिकहरूले जिज्ञासा तथा गुनासाहरू राखी प्रश्नोत्तर गराइएको थियो ।

सार्वजनिक सुनुवाई बझाङ एफएम र साइपाल एफएम रेडियोहरूबाट प्रत्यक्ष प्रशारण गरिएको थियो भने एफएमको फेसबुक पेज, सञ्चारकर्मीहरूले प्रयोग गर्ने सामाजिक सञ्जालका पेजहरूमार्फत् पनि लाइभ गरिएको थियो ।

सार्वजनिक सुनुवाई सञ्चालनको क्रममा उपस्थित नागरिकहरूलाई आफूले भोगेका, अनुभव गरेका तथा गाउँपालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरू राख्न भनिएको थियो । आएका प्रश्नहरूको सुर्मा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतसहित सरोकारवाला र नागरिकहरूबीच आमने सामने प्रश्नोत्तर गराइएको थियो ।

## ७. कार्यक्रममा भएका सवाल जवाफहरू

सार्वजनिक सुनुवाइमा मुख्य रूपमा आएका प्रश्नहरू र तिनका उत्तरहरू निम्नाअनुसार रहेका छन् ।

| क्र.स. | प्रश्नकर्ताको नाम/ठेगाना | गुनासो/गुनासो | जवाफदेही वक्ता | जवाफ |
|---|---|---|---|---|
| १. | रमेश बहादुर बोहरा वडा नं ३ | सार्वजनिक सुनुवाई किन समयमा हुन सकेन ? कारणले ढिलाई भयो ? | लक्ष्मीराज जोशी (प्रमुख प्रशासकीय अधिकृत) | पहिले नै गर्नुपर्ने थियो । तर, विभिन्न कारणले ढिलाई हुन गयो । अबदेखि नियमित हुनेछ । |
| २. | गणेश बोहरा | जनप्रतिनिधिको होलबढी चेकअप | जगदीश रोकाया पत्रकार | जनतामा सार्वजनिक सुनुवाई नहुँदा निराशा बढेको होला । अहिलेसम्म के |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने भनेको के हो ? | | भयो भन्ने कुराको जवाफ माग्नुस् जनप्रतिनिधिलाई भनेर । |
| ३. | शंकर विक सुर्मा गाउँपालिका-१ | केही काम परेको हुन्छ । कार्यालयमा कर्मचारी नै भेटिँदैनन् । नजिकको सरकार भनेको यही हो ? | लक्ष्मीराज जोशी (प्रमुख प्रशासकीय अधिकृत) | हामी जनताकै कामका हुन्छौँ । विशेष गरेर यहाँ इन्टरनेटको समस्याले सदरमुकाममा जानुपर्छ । अब त्यो समस्या पनि हटेको छ । अब सबै कर्मचारी सधैँ पालिकामै हुनेछन् । |
| ४ | लोकबहादुर बोहरा सुर्मा २ | योजनाहरू कार्यकर्तामुखी मात्रै किन हुन्छन् ? आवश्यकताका आधारमा बाँड्नुपर्दैन ? | खडक बहादुर बोहरा गाउँपालिका अध्यक्ष | हामीले सबै ठाउँमा समान ढंगले योजना बाँडेका छौँ । हामी कुनै वडाका मात्रै जनप्रतिनिधि नभएर समग्र पालिका नै हाम्रो हो । योजना कार्यकर्ताका लागि होइनन् । समुदायका लागि हुन् । समुदायको हितमै काम गरिरहेका छौँ । |
| ५. | रमेश बोहरा सुर्मा १ | पालिकाबाट पाउने सुविधामा जसले पाउनुपर्ने उसले नपाउने । तर, नपाउनुपर्नेले पाइरहेका छन् । किन हो ? | लक्ष्मीराज जोशी (प्रमुख प्रशासकीय अधिकृत) | पालिकाबाट त्यस्तो भएको जस्तो त लाग्दैन । कुनै कुनै त्यस्तो भएको छ भने पनि अबदेखि सुधार्छौँ । |
| ६. | जुनादेवी बोहरा सुर्मा ४ | सबै योजनामा अनिमियतता भएको देखिन्छ । बजेटअनुसारको काम भएको देखिँदैन । | मनोज पुजारा प्राविधिक शाखा प्रमुख | बजेटअनुसारको काम भए/नभएको हेरिरहेका छौँ । मापदण्डअनुसार नबनेका योजना पास पनि भएका छैनन । हामी फिल्डमै खटेका हुन्छौँ । |
| ७. | उर्मिला विक सुर्मा १ | ५ करोडको अस्पतालमा १ करोड घुस खाएर अलपत्र परेको भन्छन् नी के हो ? | खडक बहादुर बोहरा गाउँपालिका अध्यक्ष | यो कमिसन खाएको भन्नु सरासर झुट हो । यहाँ कसैले केही खाएको छैन । अस्पताल ढिलाई हुन भने प्राविधिक त्रुटिले हो । एउटा निर्माण व्यवसायीले आफूले ठेक्का नपाएपछि मुद्दा हालेको हुँदा ढिलाई भएको हो । अहिले नयाँ सम्झौता भइसकेको छ । अब निर्माण हुनेछ । |
| ८. | संगीता बोहरा | अहिलेसम्म कार्यालय भवन | खडक बहादुर बोहरा | सुरूमा भवनका लागि धेरै ठाउँमा जमिन हेर्‍यौँ । कतै मिलेन । अहिले |

| | | | | |
|---|---|---|---|---|
| | सुर्मा ५ | किन बन्न सकेन ? | गाउँपालिका अध्यक्ष | एक जनाले निःशुल्क जमिन उपलब्ध गराउनुभएको छ । पालिका भवनको लागि डीपीआर तयार भइसकेको छ । अब निर्माण हुनेछ । |
| ९. | ललित बोहरा सुर्मा ५ | १० हजार जनसंख्या भएको ठाउँमा ५ हजार भेडा छन् भन्ने छ नी के हो ? | धिरेन्द्र थापा पशु शाखा प्रमुख | यहाँ यो विषय निकै चल्यो । तर, यथार्थ भनेको ५ हजार होइन । विभिन्न प्रकारको भ्याक्सिन ३ पटक लगाउँदा जम्मा भ्याक्सिन गणना हुनुपर्नेमा भेडाको प्रचार भयो । |
| १०. | केशव बहादुर बोहरा सुर्मा ३ | नागरिक बडापत्र किन बनेन ? | लक्ष्मीराज जोशी (प्रमुख प्रशासकीय अधिकृत) | पहिले बनाएका थियौं । त्यो पुरानो भयो । अब नयाँ बनाउन दिएको छ । त्यसपछि टाँस्छौं । |
| ११. | जयराज लकण्डी सुर्मा १ | सानो कामको लागि पनि सदरमुकाम चैनपुर पुग्नुपर्छ । त्यो सेवा दिने माध्यम पालिकामै गराउन सकिन्न ? | खडक बहादुर बोहरा गाउँपालिका अध्यक्ष | पहिले हाम्रो सुर्मामा नेटवर्क कै समस्या थियो । नेटवर्क नै नहुँदा इन्टरनेट हुँदैन । त्यो समस्या एक दुई दिनका लागि मात्रै गरेर केही हुँदैन । यसका लागि दीर्घकालिन समाधान चाहिन्छ । त्यही समाधानका लागि लागि परेका छौं । आशा छ त्यो समस्या छिट्टै दुर हुनेछ । |
| १२. | धनराज बोहरा शिक्षक | योजना धेरै छन् । तर, समुदायलाई निर्वाहमुखी योजना धेरै कम भए । यतापछि के सोच्नुभएको छ ? | खडक बहादुर बोहरा गाउँपालिका अध्यक्ष | योजना धेरै हुनु भूगोलको समस्या हो । यहाँ कतै पनि घना बस्ती छैन । छरिएका धेरै छन् । सेवा सुविधा सबै समुदायलाई उस्तै चाहिन्छ । त्यसैले स-साना योजना बढी भएका हुन् । खानेपानी, धारो, बाटो यस्तै बढी छन् । |
| १३. | जयकरन बोहरा सुर्मा २ | न्यायिक समितिमा किन मुद्दाहरू आउँदैनन् ? | रमलाकुमारी मण्डेल पुजारा गाउँपालिका उपाध्यक्ष | न्यायिक समितिमा स-साना मुद्दाहरू त आउँछन् नै । विशेषगरि बढीजस्तो यहाँका समुदाय दोघरी भएरका हुनाले सदरमुकाममा बस्छन् । सदरमुकाममा भएकाहरू जिप्रका जान्छन् । यहाँ आएका मुद्दाहरू मिलापत्र गरेर पठाएका छौं । |
| १४. | सदर विक सुर्मा १ | मदिरा नियन्त्रण किन हुन सकेन ? | रमलाकुमारी मण्डेल पुजारा | मदिरा नियन्त्रणका लागि सबै एकजुट हुनुपर्ने हो । यहाँ महिला मात्रै सक्रिय भएर सम्भव नभएको |

| | | | | |
|---|---|---|---|---|
| | | | गाउँपालिका उपाध्यक्ष | हो । महिलाहरूले त मदिरा नियन्त्रण समिति बनाएर पनि धेरै रकम संकलन गरेर सामाजिक काममा लगाएका छन् । कारबाही पनि धेरै भएको छ । |
| १५. | प्यारी लोकण्डी सुर्मा गाउँपालिका | यार्सा संकलन गर्न जाँदा महिलाले महिनाबारी रोक्ने औषधि सेवन गर्छन् । यो निगरानी गर्नुपर्दैन ? | शिवराज बोहरा स्वास्थ्य शाखा प्रमुख | यसका लागि पहिलो कुरा त परिवार नै जिम्मेवार हुनुपर्दछ । त्यसका साथै हामीले पनि सचेतनामुलक कार्यक्रम गरिरहेका छौँ । त्यो औषधि दिनेलाई पनि कारबाही हुन्छ भनेका छौँ । सदरमुकामबाटै ल्याएर प्रयोग गरेको भन्न सुनिन्छ । फेरि पनि यो रोक्ने अभियानमा छौँ । |

## ८. सार्वजनिक प्रतिवद्धता

सार्वजनिक सुनवाईमा जनताले गुनासा तथा प्रश्नहरूको सम्बोधन गर्दै जनप्रतिनिधि तथा कर्मचारीहरूले आगामी दिनमा सुधार गर्ने तथा सचेत रहने कुरामा प्रतिवद्धताहरू जनाएका थिए ।

## ९.कार्यक्रमको सबल पक्षहरू

- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरू, सञ्चारकर्मी, राजनीतिक दल, नेपाल प्रहरी, नागरिक समाजसहित स्थानीयको सहभागितामा सञ्चालन गरिएको ।
- सुर्मा गाउँपालिकाको भौतिक र वित्तीय प्रगति प्रस्तुत गरिएको ।
- सहभागीहरूबाट उठान गरिएका विभिन्न सवालहरू तथा सुझावहरूको जवाफदेही वक्ताहरूबाट चित्तबुझ्दो जवाफ दिइएको ।
- जनप्रतिनिधिहरूसँग सर्वसाधारण नागरिकहरूले आमनेसामने/हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- नागरिकको सहभागिता वृद्धिको लागि सार्वजनिक सुनुवाईको ठूला फ्लास प्रिन्ट बनाई पालिकामा टाँस गरेको ।
- पालिकाका महत्वपूर्ण व्यक्तिहरू जवाफदेही वक्ताको रूपमा रहेका ।
- सार्वजनिक सुनुवाईको जिल्लाका २ वटा रेडियोहरू (साइपाल, बझाङ एफएम) मार्फत् प्रत्यक्ष प्रशारण गरिएको । सञ्चारकर्मीहरूले आफ्नो सामाजिक सञ्जाल पेजहरूबाट पनि लाइभ गरेको ।

## १०. सुधार गर्नुपर्ने पक्षहरू

- हरेक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नुपर्ने । जसले गर्दा नागरिकका गुनासा/सुझाव बढ्नुका साथै सम्बोधन गर्ने मौका मिल्छ ।
- सेवाग्राहीहरूबाट सन्तुष्टि मापन गर्न संकलन गरिएका नागरिक प्रतिवेदन पत्र वा बहिर्गमन अभिमत वा नागरिक अभिमत पत्रहरू वडा वडामा पनि वितरण गर्नुपर्छ। जसको प्रभावकारिता अझै बढ्छ ।

- समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रसारमा ध्यान दिनुपर्ने । १५ दिनदेखि प्रचार गर्नुपर्ने बुँदालाई अनिवार्य कार्यान्वयन गर्नुपर्ने ।
- स्थानीय योजनाका उपभोक्ता समितिका पदाधिकारीलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तरसम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।
- वडा/वडामा पनि सार्वजनिक सुनुवाई सञ्चालन गर्नुपर्ने ।

## ११.समस्याहरू

- नागरिक प्रतिवेदन पत्र तथा नागरिक अभिमत प्रतिवेदन बनाउँदा स्थानीयले प्रर्याप्त सहभागिता नजनाउनु ।
- वडा नं ३ र ४ का वडाध्यक्ष सहभागी नभएका ।
- निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरू गर्न नसकिएको ।
- वडाबाट पालिका टाढा भएको हुँदा प्रर्याप्त सहभागी नभएको ।
- जवाफदेही वक्ता तथा अतिथिहरू धेरै रहेकाले कार्यक्रम लामो समयसम्म सञ्चालन हुँदा टाढाका सहभागीहरूलाई आउन जान समस्या भएको ।

## १२. निष्कर्ष

सुर्मा गाउँपालिकाको काम कारबाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेटजस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच आमने सामने प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । सुर्मा गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरूले खानेपानीको समस्या, पर्यटन क्षेत्रको प्रवर्द्धन, व्यवस्थित बिरीजात मेला, सडक निर्माण, पशु बिमा, कृषि कार्यक्रम, खेलकुदलगायतका विषयमा प्रश्न तथा सुझाव दिएका थिए ।

पालिका स्तरीय राजनैतिक दलका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू तथा जननिर्वाचित प्रतिनिधिहरूको उपस्थिति, नागरिक समाज, विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूसहित स्थानीय नागरिकहरूको उल्लेख्य सहभागिता रहेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी सर्वसाधारणहरूले प्रश्नहरू राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरूले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरू गर्नुपर्ने बताएका थिए । कार्यविधिले व्यवस्था गरेअनुरूप नियमित रूपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ। सुर्मा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू सहितको सहभागिताबाट पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ ।

## १३. उपस्थिति

DATE.....................

आज मिति २०८२ साल श्रावण १ गतेका दिन यस सुर्मा गाउँपालिकाका अध्यक्ष श्री खड्ग बहादुर बोहरा ज्यू को अध्यक्षतामा आ.व. २०८१/०८२ सालको सार्वजनिक सुनुवाई तपशिलको उपस्थितिमा गरियो ।

उपस्थिति

१- श्री खड्ग बहादुर बोहरा - अध्यक्ष
२- श्री रमला कुमारी मण्डल पुजारा - उपाध्यक्ष
३- श्री सुरेन्द्र बहादुर बोहरा - वडा अध्यक्ष
४- श्री दिनेश बहादुर बोहरा - वडा अध्यक्ष
५- श्री विर बहादुर जेठारा - वडा अध्यक्ष
६- श्री कैलाश बहादुर बोहरा - वडा अध्यक्ष
७- श्री धिरेन्द्र पुजारा - वडा अध्यक्ष
८- श्री निर्मला पुजारा बोहरा - का.सदस्य
९- श्री सुनजली पुजारा बोहरा - का.सदस्य
१०- श्री कुमारी बोहरा - का.सदस्य
११- श्री प्रताप वि.क. - का.सदस्य
१२- श्री शंकर वि.क. - का.सदस्य
१३- श्री जुना देवी बोहरा - का.सदस्य
१४- श्री लक्ष्मीराज जोशी - सदस्य सचिव
१५- श्री लोकेन्द्र ब. पुजारा वडा सदस्य
१६- श्री नवल वि.क. वडा सदस्य
१७- श्री जनक बोहरा - वडा सदस्य
१८- श्री अमृता वि.क. - वडा सदस्य
१९- श्री सावित्री देवी वि.क. - वडा सदस्य
२०- श्री लक्ष्मी चदारा - वडा सदस्य
२१- श्री रुपा वि.क. - वडा सदस्य
२२- श्री लहु बोहरा - वडा सदस्य
२३- श्री कमल बोहरा - वडा सदस्य
२४- श्री रनजीतेन्द्र पुजारा - नेकपा प्रतिनिधि
२५- श्री प्यारी लौवाड नेकपा एमाले प्रतिनिधि
२६- श्री कुमारराज मिश्राल - अध्यक्ष उपभोक्ता सं.
२७- श्री जगदीश सेजुवाल - पूर्व अध्यक्ष - नेपाल पत्रकार महासंघ

DATE......................

२७- श्री गणेश थापा - समाचार प्रमुख स्वास्थ्य एफ.एम.
२८- श्री सुरेन्द्र रावल - अध्यक्ष सेती मिडिया नेटवर्क
२९- श्री रुपक खड्का - सञ्चालक सत्यवादी खबर अनलाइन पाटीको
३०- श्री हरिलाल थापा - समाचार प्रमुख बझाङ एफ.एम.
३१- श्री केशव सिंह थापा - दौलिचौर प्रहरी चौकी इन्चार्ज
३२- श्री लक्ष्मीराज जोशी - प्रशासन अधिकृत
३३- श्री ज्ञानेन्द्र बोहरा - शिक्षा अधिकृत
३४- श्री मनोज पुजारा - इन्जिनियर
३५- श्री रविराज बोहरा - स्वास्थ्य शाखा प्रमुख
३६- श्री राजेन्द्र प्रसाद अवस्थी - लेखा अधिकृत
३७- श्री नारायण प्रसाद पाध्याय - लेखा अधिकृत
३८- श्री विष्णु बोहरा - इन्जिनियर
३९- श्री विरबल वडबोहरा - वडा सचिव
४०- श्री महेश गाहा - वडा सचिव
४१- श्री उमेश वडबोहरा - वडा सचिव
४२- श्री सिकेन्द्र पुजारा - सूचना अधिकृत
४३- श्री गणेश राज उपाध्याय - सव-इन्जिनियर
४४- श्री जयराज लाउडारी प्र.अ. धर्मदेव मा.वि.
४५- श्री धनराज बोहरा - शिक्षक धर्मदेव मा.वि.
४६- श्री लोक वडबोहरा - सर्मा मा.वि. वि.व्य.स. अध्यक्ष
४७- श्री भुवन बोहरा
४८- श्री गणेश बोहरा
४९- श्री सुरेश वडबोहरा
५०- श्री आदित्य बोहरा
५१- श्री कलक वड बोहरा
५२- श्री दिर्घ वड बोहरा - पौषण शाखा
५३- श्री यज्ञ थापा - एम.पी.डी.एस.
५४- श्री रविना चलाउने - स्वास्थ्य व्यवस्थापन
५५- अनिषा श्री अनिसा बोहरा - स.क.प.
५६- संगीता श्री संगीता बोहरा फिल्ड सहायक
५७- श्री ललित बोहरा " "
५८- श्री ममता सिंह आइ.डि.एस. नेपाल

DATE.....................

५९ - श्री धिरेन्द्र थापा।

६० - श्री पदम आग्री।

६१ - श्री निर्मला कुमारी चौधरी

६२ - श्री राजेन्द्र बोहरा

६२ - श्री गौतम बोहरा

६३ - श्री संदीप पौडेल - हेड्स. पि.यो.

६४ - श्री दान ब० बोहरा

६५ - श्री संगीता बोहरा -

६६ - श्री जिवन ब० बोहरा

६७ - श्री अपकल ब० बोहरा,

६८ - सुरेश कुमार सिंह

६९ देवेन्द्र थापा

७०. केशव ब० बोहरा

७१. जयकरन बोहरा

७२ प्रमोद वि.क., प्र.ह

७३ युवा ब० हर [illegible]

७४ प्रेमसिंह बोहरा का.अ

## १४. तस्बिरहरू









